स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सुदर्शन थापाले निर्देशन गर्ने फिल्म 'रावायण'मा पूर्वमिस नेपाल वर्ल्ड तथा अभिनेत्री निकिता चाण्डक पनि जोडिएकी छन् । निर्मात्री सुप्रिया कट्वालले फिल्मको विशेष भूमिकामा चाण्डक अनुबन्धित भएको जनाएकी छन् । गतसाता रामबाबु गुरुङको निर्माण र दीपक रौनियार निर्देशित 'राजागञ्ज'को छायांकन सकाएकी निकिता अब सुदर्शनको यो फिल्ममा व्यस्त हुनेछिन् । यद्यपि, रावायणमा निकिताको कस्तो खालको विशेष भूमिका हुने हो, त्यो कुरा चाहिं कट्वालले खुलाएकी छैनन् ।

**आजको विचार...**



प्रकाश नेपाल

यसकारण...
(दुई पेजमा)



केकी अधिकारी र रीमा विश्वकर्मालाई शीर्ष भूमिकामा लिएर बिमलेश अधिकारीले फिल्म 'ह्याप्पी डिभोर्स' निर्देशन गर्ने भएका छन् । यो उनको डेब्यु निर्देशन हुनेछ । फिल्म उद्योगमा यी तीनजना कलाकार निकट मानिन्छन् । फिल्ममा अभिनय गर्दागर्दै अधिकारी अमेरिका हानिएका थिए । उनी सात वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएका छन् । फिल्ममा निर्देशक समेत रहेका विमलेशको शीर्ष भूमिका समेत हुनेछ । दशैंपछि छायांकन हुने फिल्ममा पछिल्लो समय सहरमा व्याप्त ह्याप्पी डिभोर्सको प्रवृत्तिलाई चित्रण गरिनेछ ।

❒ वर्ष २९ ❒ अंक ६५ ❒ २०८० असोज ३ गते बुधबार 20 September 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# महङ्गा स्वास्थ्य उपकरण अस्पतालका कोठामा थन्किए

**भरत केसी (रासस)**

**लुम्बिनी,** असोज २/लुम्बिनी प्रादेशिक अस्पतालले विशेषज्ञ सेवासहितको सेवा प्रदान गर्दै आएको छ । यस अस्पतालमा बहिरङ्ग (ओपिडी) विभागमा दैनिक बिरामीको परीक्षण र उपचार गर्ने क्षमता पाँच सय जति रहेको छ । तर यहाँ दैनिक दुई हजार पाँच सयसम्म बिरामी उपचारका लागि आउँछन् ।

अस्पतालमा विशेषज्ञ सेवासहित दुई दर्जन बढी स्वास्थ्य सेवा उपलब्ध छ । अस्पतालमा स्वास्थ्य सेवाका लागि अधिकांश मुटु, मिर्गौला, पाचन प्रणाली, कलेजो, आन्द्रा र पेटको समस्या भएका बिरामीको संख्या अधिक रहेको छ । पछिल्लो समय मानिसको स्वास्थ्यमा जटिल देखिएका मुटु, पाचन प्रणाली, कलेजो, आन्द्रा र पेटको समस्या भएका बिरामीका लागि सहज, सुलभ र प्रभावकारी उपचारको व्यवस्था छैन । बिरामीको उपचारका लागि आवश्यक परीक्षण र उपचारको समेत सहज प्रबन्ध नहुँदा निजी तथा जिल्ला बाहिरका अस्पतालमा पुगेर महँगो सेवा लिनुपर्ने बाध्यता छ । यस्ता बिरामीको उपचारका लागि आवश्यक पर्ने करिब



रु १७ करोड बढीका खरिद गरिएका स्वास्थ्य उपकरण अस्पतालका कोठामा थन्काइएको छ । आवश्यक जनशक्ति र उपकरण सञ्चालनका लागि आवश्यक पर्ने थप उपकरणको व्यवस्था नहुँदा डेढ वर्षदेखि प्रयोगमा आउन सकेका छैनन् । पछिल्लो समय मानिसको स्वास्थ्यमा जटिल बन्दै गएको मुटुको स्वास्थ्य सेवा यस अस्पतालले सुरु गरेको छ । यो जटिल रोगका लागि अस्पतालमा बिशेषज्ञ चिकित्सकले सेवा दिँदै आएका छन् तर मुटुको उपचारका लागि परीक्षण र थप उपचारका लागि महत्वपूर्ण मानिएको 'क्याथल्याब' मेसिन विगत १० महिनादेखि अस्पतालको एउटा कोठामा थन्काएर राखिएको छ । लुम्बिनी प्रदेश सरकारले गत वर्ष करिब रु १० करोडमा खरिद गरेर प्रादेशिक अस्पताललाई उपलब्ध गराएको मुटुको उपचारमा प्रयोग हुने 'क्याथल्याब' मेसिन सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन नहुँदा थन्किएको हो । यससँगै प्रादेशिक अस्पतालमा 'ग्यास्ट्रोइन्टेरोलोजिस्ट'को सेवा प्रदान गर्ने उद्देश्यले करिब डेढ वर्षअघि नै 'इआरसिपी' मेसिन र 'मोटराइज्ड स्पाइलर इन्टेरोसेपी' मेसिन पनि खरिद गरेर राखिएको छ । यी स्वास्थ्य उपकरणमध्ये 'इआरसिपी' मेसिन बिरामीको पित्त तथा कलेजो बाट निस्कने नलीको भागलाई रोग पहिचानका लागि हेर्ने दूरविनबाट हेर्ने र कुनै ठाउँमा पत्थरी रोकिएको रहेछ भने निकाल्ने तथा उपचार गर्ने प्रविधि हो । यस्तै 'मोटराइज्ड स्पाइलर इन्डोसकोपी' भने बिरामीको आन्द्राको पूरै भागबाट हेरेर रोग पत्ता लगाउने हो । यी उपकरण संघीय सरकारको विनियोजित बजेटबाट करिब रु छ करोडभन्दा बढी लागतमा खरिद गरिएका हुन् । यी उपकरण सञ्चालनमा ल्याउन थप केही उपकरण आवश्यक पर्ने र ती उपकरण आएपछि जनशक्तिको व्यवस्थापन गरेर सञ्चालनमा ल्याइने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सुदर्शन थापाले बताए । आधुनिक प्रकारका यी उपकरणसहितको यो सेवा सञ्चालन गर्न 'इआरसिपी', 'इन्स्टरोस्कोपी' विषयमा तालिम लिएको डिएम ग्यास्ट्रोइन्टेरोलोजिस्ट आवश्यक हुन्छ । अहिले नयाँ समिति आएर यसका सरोकारवालासँग ताकेता गरेपछि अबको केही महिनामा 'क्याथल्याव' सञ्चालन ल्याउने गरी तयारी भएको अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले बताए । 'क्याथल्याव' सञ्चालनका लागि कार्डियोलोजिस्ट सहितका स्वास्थ्यकर्मीको व्यवस्थापन भएको र यद्यपि आपत्कालीन अवस्थाको सेवा यसबाट तत्काल दिन सकिने अवस्था नभएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट थापा बताउँछन् ।

सामान्य प्रकारका बिरामीलाई उपचार गर्न मिल्नेगरी अबको तीन महिनासम्ममा 'क्याथल्याव' सञ्चालन गर्नेगरी जनशक्ति लगायतका प्रबन्ध भइरहेको मेसु थापाले बताए ।

'मुटुको उपचार गर्ने विशेषज्ञ डाक्टरले केही समयदेखि सेवा दिइरहनुभएको छ, अझै एकजना विशेषज्ञ प्रदेश सरकारबाट प्रबन्ध हुँदैछ', उनले भने, 'प्रदेश लोकसेवा उत्तीर्ण गरेर आएका स्टाफ नर्सको जनशक्तिलाई थप तालिमको व्यवस्था गरेर 'क्याथल्याब' छिट्टै नै सञ्चालन गर्ने तयारीमा छौं ।' हृदयाघात भएर सामान्य अवस्थामा फर्केका र हृदयाघातको सामान्य लक्षण देखिएका बिरामीको परीक्षण गर्नेगरी क्याथल्याब चलाउने तयारी भइरहेको मेसु थापाको भनाइ छ ।

(...बाँकी अन्तिम पेजमा)

## सक्षिप्त समाचार

### भारतद्वारा क्यानडाली कूटनीतिज्ञ निष्कासित

**(रासस/एएफपी)**


**नयाँदिल्ली,** असोज २/भारत सरकारले क्यानडाका एक जना वरिष्ठ कूटनीतिज्ञलाई निष्कासन गरेको छ । क्यानडाले पृथकतावादी खालिस्तान नेता हरदीप सिंह निज्जरको हत्यामा संलग्न रहेको आरोपमा एक जना भारतीय कूटनीतिज्ञलाई निष्कासन गरेपछि भारतले पनि उही शैलीमा क्यानडाका कूटनीतिज्ञलाई निष्कासन गरेको हो । भारतको विदेश मन्त्रालयले नयाँदिल्लीमा रहेका क्यानाडका उच्चायुक्तलाई बोलाएर उच्चायोगका एक जना वरिष्ठ कूटनीतिक कर्मचारीलाई निष्कासन गर्ने भारत सरकारको निर्णयबारे जानकारी गराएको छ । नयाँदिल्लीले निष्कासन गरेका क्यानाडाली कूटनीतिज्ञलाई पाँच दिनभित्रमा भारत छाड्न आदेश दिएको छ । यो निर्णयले भारतको आन्तरिक मामिलामा क्यानाडाली कूटनीतिज्ञहरूको हस्तक्षेप र भारत विरोधी गतिविधिहरूमा उनीहरूको संलग्नता देखिएको विदेश मन्त्रालयका एक जना अधिकारीले बताएका छन् । विधिको शासनप्रति दृढ प्रतिबद्धतासहितको लोकतान्त्रिक राजनीतिक पद्धति अपनाएको भारतमाथि क्यानडाले लगाएको आरोपलाई विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले आधारहीन भएको टिप्पणी गरेका छन् । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रडोले संसद्को आकष्मिक बैठकमा हरदीपसिंह निज्जरको हत्यामा नयाँदिल्ली संलग्न रहेको आरोप लगाउनुभएको थिए । गत जुनमा निज्जर ब्रिटिस कोलम्बियामा मृत अवस्थामा भेटिएका थिए ।

संविधान दिवस, २०८० भव्य रुपमा मनाऔं । संविधान दिवस २०८० को अवसर मा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं । घर तथा कार्यालयमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आज देशभर संविधान दिवस मनाइदैं

**पाल्पा,** असोज २/आज देशभर संविधान दिवस मनाइदैं छ । संविधानसभाबाट नेपालको संविधान घोषणा भएको आज ८ वर्ष पूरा भएको छ । आजैको दिन अर्थात् ३ असोज ०७२ मा दोस्रो संविधानसभाका ९० प्रतिशत बढी जनप्रतिनिधिको समर्थनमा 'नेपालको संविधान' घोषणा भएको हो । यसैको खुसीयालीमा देशभर संविधान दिवस मनाइँदै आएको हो ।




संघीय गणतन्त्रिम शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट अनुमोदन गरी जारी गरिएको यो संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखेर जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्व-शासनको अधिकारलाई आत्मसात गर्दै राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताको स्वविवेकले पटक-पटक हुँदै आएका ऐतिहासिक जन-आन्दोलन, स-शस्त्र संघर्ष, त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं ज्ञात अज्ञात शहिदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दछ ।

संविधानको प्रावधान अनि मर्म अनुरुप आज कुनै पनि नेपालीले लिगं, धर्म, जात, वर्ग, रंग, पहिचान, भाषा या अन्य कुनै आधारमा बिभेद सहन गर्नुपर्ने छैन । अब त झन विकास अनि समृद्धिका लागि प्रदेशहरुलाई नै अधिकार प्रत्यायोजन गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## संविधान दिवसको औचित्य

**आज संविधान दिवस । लोकतान्त्रिक संविधान २०७२ संविधानसभाबाट निर्मित संविधान विक्रम सम्वत २०७२ साल असोज ३ गतेदेखि विधिवत रुपमा लागु भएको दिन भएका कारण आजलाई संविधान दिवसका रुपमा मनाउने परम्परा शुरु भएको हो । आज यो दिवस मनाउँदै गर्दा दिवसका लागि दिवस मात्रै हुने खतराहरु पनि त्यति कै बढिरहेका छन् । त्यसको कारकतत्व पनि संविधानका निर्माताहरु नै हुन् भन्ने आरोप अहिले व्यापक रुपमा लाग्ने गरेका पाइन्छ । लामो जुनयुद्वको संज्ञा दिदैं शुरु भएको वनवास पछि राज्याभिषेकका बेला–बेलामा हुने प्रचण्ड ताण्डवहरु क्रमशः सेलाउँदै पारिवारिक पीडा र पार्टी भित्रको संकुचनले गर्दा वेतालमै हिजो जस्तै आज पनि विलयमयी संस्कृतिको शिकार हुने तयारी शुरु भएको आभाष हुन थालेको छ । राजनेताहरुले आफुलाई आफ्नै सामुन्ने व्यङ्ग्य गर्दा पनि आत्मरति नखल्वलाई सहनशक्तिको विकास गर्नुपर्ने बाध्यता श्रृजना हुनु आफैमा विलयवादी संस्कृतिको पुनःप्रार्दूभावको संकेत नै संविधानको सही कार्यान्वयन हुन नसक्नु हो ।**

**राजनैतिक चरित्रको अच्छा प्रर्दशन गरेको वर्तमान सरकार बनाउने क्रममा गाँसेको माया पिरती पनि धुमिलो हुँदै गएपछि यी कथाहरुले विभिन्न पात्र र खलपात्रहरु जन्माउने प्रसव पीडावोध गरिरहेका छन् । हिजो सत्ता प्राप्तिका नाममा भएको विलय आज पनि त्यही पदमार्गबाट अग्रसर हुँदै जाने खतरा भएकै कारण काँग्रेसलाई चिन्ताले सताइरहेको आभास हुन्छ । बाटो घाटोमै हुने भाषण र पाषाणयुगीन जंगली र अराजनैतिक शैली नजानिदो गरी प्रर्दशित हुँदै गएका छन् । कहाँ पुग्ने ? को कससंग जोडिने हुन् ? अनुमान यही नै हुन्छ भन्न सकिने अवस्था नहुनु नै संविधानको पालनामा कमजोरी हुनु हो । समग्रमा भन्नुपर्दा वर्तमान सरकारले अलोकप्रियताको पगरी गुंथी रहेको अवस्थाको भान हुन थालेको छ । आशा र विश्वासमा समय बिताइरहेका मुलकका जनतामा देखिएको विचित्रतापूर्ण सोच्नेशैलीमा ह्रास पलाएको छ । प्रकृतिका छटाहरु, खण्डवृष्टि र अल्पवृष्टिसँगै राजनैतिक भूक्षयका कारण गाईजात्रामा स्वर्ग र नर्कको तुलना गर्न सहज भइसकेको भान हुने वातावरणको अन्त्यका लागि सबै पक्ष जिम्मेवार भएर नलाग्दा सम्म संविधान दिवसको औचित्य पुष्टि हुन सक्दैन भन्ने कुरामा ध्यान जानु जरुरी छ ।**

### Opinion @ Social Network

सहारा लट्ठीको जस्तो होस् ओरालीमा ज्यान धानिदिने
उकालीमा ज्यान तानिदिने !
(प्रमिला थापाको फेसबुक स्टाटसबाट *www.facebook.com//Pramila.thapa.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसकारण संविधान स्वीकार्य नभएको हो



**प्रकाश नेपाल**

***संविधान भन्दा वदमास दलहरुका नेताहरु हुन् । यहा त जसले गुण्डागर्दी गर्दछ । उसले नै न्याय पाउने, नेता बन्ने नेपालीहरुको चलनै भएको सबैलाई थाहा भएकै पनि हो । संविधान भन्ने कागजी दस्तावेज त तत्कालिन समयमा समय सापेक्ष आकंलन गरेरै तयार गरिएको लिखित दस्तावेज नै हो । संविधान सभाबाट संविधान जारी गर्ने सवालमा हाम्रो मुलुकले हाम्रै धनजनको क्षती बेहोर्नपरेको हामी सामु यथेष्ट प्रमाणहरु आज पनि छन् तर जे जस्तो जे जसरी भए पनि संविधान तजारी भयो । यो संविधान आजका दिनमा अधिकाश जनतालाई स्वीकार्य छैन । जनतालाई स्वीकार्य हुन नसक्नुको मुख्य कारक तत्वदलका नेताको प्रवृतिका कारण नै हो । २०४७ सालको संविधानको प्रस्तावनमा नेपाल हिन्दु राज्य हो भनिएको थियो । २०७२ सालको संविधामा धर्म निरपेक्ष उल्लेख गरियो यसमा बहुसंख्या नेपालीको चित्त दुखेको पनि हो ।***

आज कै दिन संविधान सभाद्वारा संविधान जारी भएको दिन हो । यस अवसरमा सरकारले सार्वजनिक बिदा पनि दिन संविधान दिवस मनाउनका कै लागि हो । संविधान सभाद्वारा संविधानको निर्माण गर्ने कुरा २००७ सालमा राजा, काँग्रेस र राणा बिच त्रिपपक्षिय संझौता दिल्लीमा भएको थियो । संविधान संभाको निर्वाचन गर्ने सहमतिभएको हो । राजा त्रिभुवन संविधान संभा प्रति नरम थिए । २००७ देखि २०१५ साल सम्मापटक पटक सरकार परिवर्तन भयो । किन सरकारमा अस्थिरता आयो भन्ने सवालमा संविधान सभाकै कारक तत्व थियो । यही क्रममा डा.केआइ सिंह प्रधानमन्त्री भएको समयमा उनले राजा महेन्द्रको अघोषित शब्द प्रयोग गरेपछि नेपालको राजनीतिले नया मोड लिन पुग्यो । संविधान सभाको माग काग्रेसको हो डा.के.आई. सिंहले सार्वजनिक समारोहमा संविधान सभाको निर्वाचनको बिकल्पमा संसदिय निर्वाचनको उद्घोष गरेपछि तरल राजनैतिकलाई मुलधारमा ल्याउन वीपीले वाध्य भएरसंसदीय निर्वाचनलाई रोज्नु परेको थियो । हुन त संविधान त २००४ सालमाराणा कालीन समयमा ब्रिटिस कम्पनी बाट प्रतिनिधी आएर नेपालको संविधान निर्माण भएकोइतिहास साक्षी छ । त्यतिबेला देखि नै संविधानलाई स्वीकार नगर्ने उत्कृष्ट संविधान भन्ने गरे । त्यतिबेला देखि नै संविधानलाई स्विकार नगर्नेले उत्कृष्ट संविधान भन्ने परिपाटी नेपालमा बसेको हो । संविधान त महेन्द्रको प्रत्यक्ष शाशनकालमा संविधान निर्माण भयो । पञ्चायती संविधानलाई पञ्चायतलाई स्विकार गर्नेले उत्कृष्ट संविधान भन्ने गरे ।

त्यतिबेला संविधान जसले संविधानलाई स्वीकार नगर्नेलाई यातना दिन लागियो अन्त्यमा व्यवस्थानै परिवर्तन त गरियो । बहुदलिय व्यवस्थाको पुनःस्थापना भएपछि कृष्ण प्रसाद भटराई नेतृत्व सरकारले २०४७ साल कात्तिक २७ गते भयो २०२७ सालको संविधानलाई समेत नेपालको उत्कृष्ट संविधान भनियो । त्यसवखतमा त नेकपा एमालेले आलोचनात्मक समर्थन गऱ्यो । पछिल्लो समयमा सबैले स्विकार गरे । २०४७ सालको संविधान अनुरुप २०४८-२०५१-२०५६ सालमा संसदिय निर्वाचन सम्पन्न भयो । २०६३ सालमासमेत पुरानै संविधानमा टेकेर नयाँ सरकार बन्यो । त्यसैगरी अन्तिरिम संविधान जारीभएको थियो । २०४७ सालमा निर्मीत संविधान जलाउने काम पनि भयो । यहीसंविधानको कार्यकालमा पनि असंख्य वेतिथी भित्रियो । सुनकाण्ड, पजेरो काण्ड, सांसदले पेन्सन खाने, पुरुषले सुत्केरी महिलाले पचाउने सुविधा लिए । संविधान भनेको मुल कानुन हो तर माथिल्लो तहका नेताले कहिल्यै पालना नगरेको स्पष्ट हो । कुनै पनि संविधानले सत्ता र शक्तीको आडमा अकुत सम्पती कामाउने हड नै चल्यो । नाता कटुम्वलाई भर्ती गर्नु, तस्करी गर्नु जस्ता कार्यहरु संविधानमा लेखिएका छन होला र ? राणा कालिन समय देखि संविधान सभा द्वारा निर्मित संविधान सम्मको अवधिमा भ्रष्टचार गर, रातो पासपोर्ट दुरुपयोग गर, राष्ट्रिय सम्पतीलाई कानुन नै कानुन नै शंशोधन गरेर व्यक्तिको नाममा बनाउन पाइने भन्ने कुरासंविधानमा लेखिएको छ र ? पालना गर्दा सम्म सबै राम्रा हुने हो । संविधान भन्दा वदमास दलहरुका नेताहरु हुन् । यहा त जसले गुण्डागर्दी गर्दछ । उसले नै न्याय पाउने, नेता बन्ने नेपालीहरुको चलनै भएको सबैलाई थाहा भएकै पनि हो । संविधान भन्ने कागजी दस्तावेज त तत्कालिन समयमा समय सापेक्ष आकंलन गरेरै तयार गरिएको लिखित दस्तावेज नै हो । संविधान सभाबाट संविधान जारी गर्ने सवालमा हाम्रो मुलुकले हाम्रै धनजनको क्षती बेहोर्नपरेको हामी सामु यथेष्ट प्रमाणहरु आज पनि छन् तर जे जस्तो जे जसरी भए पनि संविधान तजारी भयो । यो संविधान आजका दिनमा अधिकाश जनतालाई स्वीकार्य छैन ।

जनतालाई स्वीकार्य हुन नसक्नुको मुख्य कारक तत्वदलका नेताको प्रवृतिका कारण नै हो । २०४७ सालको संविधानको प्रस्तावनमा नेपाल हिन्दु राज्य हो भनिएको थियो । २०७२ सालको संविधामा धर्म निरपेक्ष उल्लेख गरियो यसमा बहुसंख्या नेपालीको चित्त दुखेको पनि हो । धर्मका सवालमा समेत आम जनतालाई स्वीकार नभएको हो, संघियताको सवालमा समेत बहुसंख्या नेपालीलाई चित्त नबुझेको पनि हो । संघियताको नाममा आमनागरिकको टाउकोमा ऋणको भारी बोकाउनु बाहेक केही नभएकोले नै संविधान स्वीकारे नभएको हो । संघिय शासन व्यवस्थाभन्दा यति सानो अल्पविकासित राष्ट्रको लागि एकात्मक शाशन प्रणाली ठिक भन्ने आम जनताहरुको बुझाई रहेको छ । हजारै जनताको बलिदानबाट र सयौं वर्षको प्रयासबाट प्राप्त संविधान सभा द्वारा निर्मित संविधान आम नागरीकका लागि भन्दा टाठा बाठाहरुका लागि मात्र यो संविधान उपयुक्त रहेको छ । संविधानले दिएको प्रदत्त अधिकारलाई मात्र सबैलेप्रयोग गर्ने हो । संविधान दिवसका दिनमा आममाफी पाउने कारागारका बन्दीका सवालमा दलिय भागवण्डा, सत्ता स्वार्थ अनुकुल व्याख्या भएकै हो । त्यसै गरी कानुनी राज्य भनिए पनि न्यायलयले सर्वस्व सहित जन्मकैद तोकिएको रेशम चौधरीको सजायको आममाफीको विषयलाई पनि संविधान विपरित भएका कारण आम जनतालाई स्वीकारे नभएको हो । दरवार नेपाली नागरिताको विषयमा कहिल्यै उदार देखिएन तर बहुदलिय व्यवस्था आएपछि हाम्रो मुलुकमा भारतिय दलाल दलका नेताले आफु अनुकुलको व्यवस्था गरेका छन् । यो प्रकरणमा ठुला दलका नेता भारतिय नेताका इसरा अनुकुल चल्ने, सत्ता स्वार्थका संविधानको धजिया उढाएका कारण स्वाभिमानी नेपालीलाई संविधान स्विकार्य नभएको हो । मुलुकमा संविधानजारी भए पछि वामपन्थी दलका नेताको नेतृत्वमा सरकार संचालन भएको बढी समय भयो । यहि कार्यकालमा संविधानलाई आफु अनुकुलको व्याख्या गरी सत्ता कव्जाको योजना पनि तैयारनभएको थिएन, त्यसै क्रममा सबैभन्दा बढि भ्रष्टाचार भयो । प्रमाण हुँदा हुँदै पनि सत्ता शक्तिको आडमा कानुनी दायरामा आएनन् । सत्ता र शक्तिको आडमा विक्री ती मौलाएका कारण आम नागरिकलाई संविधान स्वीकार्य नभएको हो । ललिता निवास जमिन प्रकरण, सुन प्रकरणमा पनि संविधानको गलत व्याख्या गरी मुख्य नाइके भनिने व्यक्तिले पनि उन्मुक्ती पाउछन् । प्रयोग गरेको मोबाइल प्याकेट नयाँ मोबाइल बोक्ने प्रमाण नष्ट गरेका प्रमाणहरु पनि सत्ता र शक्तीको आड मा नै हो । यस्ता कारणले पनि संविधान स्वीकार्य नभएको हो । भ्रष्टाचारको कारवाही दलिय भाग वण्डाको आधारमा गर्नु भन्ने त संविधानमा कहि कतै पनि उल्लेख छैन । संविधानमा उल्लेख नभएका कुराहरु दलका नेताहरुले आफु अनुकुल व्याख्या गरेका कारण आमजनतालाई स्वीकार्य नभएको हो । हुँदाहुँदा त यस्तो सम्म भयो प्रहरीको कामलाई निस्तेज पार्ने कार्य भयो, दलिय भाग बण्डमा भ्रष्टाचार भयो । झापाको चिया वगान काण्ड एउटा ठुलो ज्वलन्त उदाहरण हो । त्यसैगरी केन्द्रिय अनुसन्धान ब्युरोका प्रहरी अधिकृतको सरुवाको प्रकरण, पुर्व उपराष्ट्रपति नन्द बहादुर पुनको छोरा दिनेश पुनले शक्तिको आडमा गरेको कालो कर्तुक पनि त संविधानको मर्म भावना विपरित हो ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शान्ति छाउनेछ । आम्दानी बढाउने काम सुचारू गर्न सकिनेछ । | **तुला** : पारिवारिक सद्भाव बढ्नेछ । राम्रो अवसर आउनाले मन प्रसन्न रहनेछ । |
| **वृष** : धार्मिक यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । |
| **मिथुन** : व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । जोशजाँगर बढ्नेछ । | **धनु** : सामाजिक कार्यमा मन जानेछ । वैदेशिक कार्यमा सफलता मिल्नेछ । |
| **कर्कट** : सहयोगी हात अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **सिंह** : पुनर्मिलनको योग रहेको छ । व्यापार व्यवसायमा फाइदा होला । | **कुम्भ** : बुद्धिको उपयोग गर्दा जटिल ठानिएको काम सम्पादन हुनसक्छ । |
| **कन्या** : नजिकका मित्रले सकेको सहयोग र सद्भाव प्रदान पनि गर्नेछन् । | **मीन** : इच्छा र चाहाना पूर्ण हुनेछन् । धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । |

# हलमा सिनेमा महंगो भयो, विकल्पसहितको डिजिटल एप छैन ?



पछिल्लो समय सिनेमा रिलिजको एउटा उत्तम विकल्प बनेको छ, डिजिटल प्लेटफर्म । हलमा प्रदर्शन नभएका कतिपय सिनेमा डिजिटल प्लेटफर्ममा रिलिज हुन थालेका छन् । कोभिड संक्रमण त्राससँगैको लकडाउनले विश्वभर डिजिटल प्लेटफर्मले फष्टाउने मौका पाए । अब कतिपय सिनेमा डिजिटल प्लेटफर्मकै लागि लक्षित गरेर बनाउन थालिएको छ (विशेषगरी सानो बजेटका फिल्म तथा सिरिज ।) सिनेमासँगै वेभ सिरिजहरू विशेषत: डिजिटल प्लेटफर्मकै लागि नै निर्माण हुने गरेका छन् । कोरोनाले संसारभरका अधिकांश सिनेमा हल बन्द हुँदा डिजिटल प्लेटफर्मको मार्केट बढ्यो । 'नेटफ्लिक्स', 'अमेजन प्राइम भिडियो', 'डिज्ने प्लस', 'हटस्टार', 'एलटी' 'बालाजी', 'जीफाइभ'लगायत डिजिटल प्लेटफर्मको माग उच्च भयो ।

यी डिजिटल प्लेटफर्मलाई दर्शकको माग अनुसार कन्टेन्ट (फिल्म, सिरिज) उपलब्ध गराउन कठिन भएको थियो । कोरोनाकालमै हलिउड फिल्म 'ट्रोल्स व्लर्ड टुर'ले डिजिटल बिक्रीबाटै हप्तामै १०० मिलियन डलर राजस्व उठाएको थियो भने ५ मिलियनभन्दा धेरैप्रति बिक्री भएको थियो । भारतमै सलमान खान, अमिताव बच्चन, आयुषमान खुरानाका चलचित्र डिजिटल प्लेटफर्ममै रिलिज भए । ठूला स्टारमा सिनेमाले पनि हलको विकल्प खोजेपछि दर्शक घरमै बसेर डिजिटल प्लेटफर्ममा सिनेमा हेर्न बानी परे । नेपालमा भने डिजिटल प्लेटफर्मको उपस्थिति र प्रभाव निकै कमजोर छ । नेपालमा डिजिटल प्लेटफर्म हुँदै नभएको त होइन तर भएका पनि त्यति धेरै प्रभावकारी छैनन् । एकातिर पाइरेसीको डर छ, त्योभन्दा पनि मुख्य पक्ष चलचित्र किन्न सक्ने डिजिटल प्लेटफर्म छैनन् । हल रिलिज भइसकेका चलचित्रमा पनि लगानी गर्ने क्षमता नेपालका डिजिटल प्लेटफर्ममा नरहेको तीतो यथार्थ रहेको स्वयं चलचित्रकर्मीहरू बताउँछन् । नेपाली डिजिटल प्लेटफर्ममा लगानीको टड्कारो अभाव छ । 'सिनेमा घर गोल्ड', 'फोरपी', 'भिडियो एप', 'डिशहोम गो', 'भिडियो पसल' आदि छन् । केही एप खुलेर पनि बन्द भइसकेका छन् । केही बन्द नभए निस्क्रिय छन् । "हामीसँग हल रिलिज भइसकेका सिनेमा किनेर डिजिटल प्लेटफर्ममा राख्न लगानी छैन । यसको अर्थ हामीसँग लगानी छैन," कलाकार तथा निर्माता रवीन्द्रसिंह बानियाँ भन्छन्, "लगानी गर्न सक्ने हो भने हामीसँग ठूलो बजार छ । तर, बजारले खोज्ने कन्टेन्ट भने चाहिन्छ ।" ठूलो बिजनेस घराना नआएसम्म नेपालमा डिजिटल प्लेटफर्म राम्रोसँग स्थापित हुन कठिन हुने उनको भनाइ छ । सिनेमा घर एपका सञ्चालकसमेत रहेका कलाकार खगेन्द्र लामिछाने ठूला विजनेस घरानाहरू तत्काल डिजिटल एपमा लगानी गर्ने मनस्थितिमा नरहेको बताउँछन् । आफूले बिजनेस घरानालाई लगानीका लागि प्रस्ताव गरे पनि सम्भव नरहेको उनको भनाइ छ । तत्काल रिटर्न्स हुने नभएकाले बिजनेस घरानाबाट अहिले लगानी सम्भव नरहेको खगेन्द्र बताउँछन् । "कन्टेन भए डिजिटल प्लेटफर्मको बजार हलभन्दा ठूलो छ । यसका लागि ५०-६० करोड रुपैयाँ लगानी चाहिन्छ । २० करोड खर्च भइसक्दा पनि नाफा नआउँदा पनि यो लगानीको चरण हो भन्ने लगानीकर्ता चाहिन्छ," उनी भन्छन्, "कन्टेन्ट नै नभएपछि दर्शक कसरी 'इङ्गेज' गराउन सकिन्छ र ?''

नेपालमा ओटीटीको कुरा गर्दा पसल छ सामान छैन भनेजस्तो छ । यसमा रिस्क कसले लिने भन्ने हो । रवीन्द्रसिंह र निर्देशक तथा वितरक प्रचण्डमान श्रेष्ठसहितको टिमले नै केही समय अगाडि 'मुभी मण्डला' नामको डिजिटल प्लेटफर्म बजारमा ल्याउने तयारी गरिरहेको थियो । उनीहरूले इन्डियन कन्टेन्टको एक्सेस पनि दिनेगरी तयारी गरिरहेका थिए । "नेपालको भू-भागमा हाम्रो प्लेटफर्मबाट इन्डियन कन्टेन्टको एक्सेस दिनेगरी हामीले तयारी गरेका थियौं," उनी भन्छन्, "तर, हाम्रो तयारीअनुसार काम नहुने भएपछि हामी पछि हट्यौं ।" रवीन्द्रसिंह नेपालभन्दा बाहिर ठूलो संख्यामा सिनेमाका दर्शक रहेको र ती दर्शकलाई समेट्ने उपयुक्त प्लेटफर्म आवश्यक भइसकेको बताउँछन् । "दार्जीलिङ, कालिम्पोङ, खर्साङ, डुवर्सलगायत क्षेत्रमा ठूलो संख्यामा नेपाली भाषी छन् । उनीहरू नेपाली सिनेमाका दर्शक हुन्," रवीन्द्र भन्छन्, "नेपाली भाषीबाहेक ठूलो संख्यामा नेपाली रोजगारीका लागि भारतमा बस्छन् । उनीहरूका लागि पनि ठूलो मात्रामा कन्टेन्ट भएको डिजिटल प्लेटफर्म आवश्यक छ । यसबाहेक विश्वभर रहेका नेपाली सिनेमाका दर्शकका लागि पनि राम्रो डिजिटल प्लेटफर्म आवश्यक छ ।" डिजिटल प्लेटफर्मको आश्यकताको चर्चा भइरहँदा नेपालमा बिजनेस हाउसको लगानी रहेको डिजिटल प्लेटफर्म आइफ्लिक्स भने बन्द भइसकेको छ । खगेन्द्र केही समययता नेपालमा पनि विस्तारै एपमा सिनेमा हेर्ने बानी बढ्दै गएको बताउँछन् । सिनेमा घर गोल्डको एप साढे सात लाखभन्दा धेरै डाउनलोड भइसकेको भन्दै अब कन्टेन्टको लाइब्रेरी बढाउन मात्रै आवश्यक रहेको उनको भनाइ छ । "अब हामीले फन्ड क्रिएट गर्नुपर्नेछ । नयाँ कन्टेन्ट क्रिएट गर्न ठूलो फन्ड चाहिएको छ । लाइब्रेरीमा कन्टेन्ट धेरै भएपछि शब्सक्रिब्सन मोडलमा जान मिल्छ," उनी भन्छन्, "ठूलो इन्भेस्टमेन्टका लागि हामी प्रयास गरिरहेका छौं, यसका लागि विदेशमा बस्ने नेपालीसँग कुरा भइरहेको छ । ठूलो स्केलमा गएपछि नयाँ कन्टेन्ट आफैं बनाएर राख्न थालेपछि हाम्रोमा पनि एपमा सिनेमा हेर्ने संस्कृति थप बढ्नेछ ।" सिनेमा घर गोल्डमा प्रतिसिनेमा तोकिएको मूल्यमा किनेर हेर्न सकिने व्यवस्था छ । खगेन्द्र भारतमा एप डाउनलोड गर्नेमध्ये चार प्रतिशतले त्यहाँबाट सिनेमा हेर्ने गरेको बताउँछन् । नेपालमा भने यसको अनुपात बढी छ । खगेन्द्र भन्छन्, "नेपालमा एप डाउनलोड गरेकामध्ये ८ देखि १० प्रतिशतले सिनेमा हेर्ने गरेको पाइएको छ ।" यो राम्रो संकेत भएको उनी बताउँछन् । नेपाली सिनेमाको कुनै एप पाँच मिलियन डाउनलोड भयो भने एपबाटै ठूलो परिमाणमा कलेक्सन हुने उनको विश्वास छ । "१० लाख एप डाउनलोड हुँदा ७० हजारले सिनेमा हेर्नेछन् । एक सयमै सिनेमा बेच्ने हो भने ७० लाख रेभिन्यु हुन्छ," उनी भन्छन्, "त्यसैले यसको भविश्य राम्रो छ, त्यसैले हामी यसमा लगानी गरिरहेका छौं ।" निर्देशक दीपेन्द्र के खनाल हलमा जान समय नहुने व्यक्तिका लागि एप उपयुक्त विकल्प भएको बताउँछन् । "जो मान्छे धेरै व्यस्त छन्, सिनेमा हेर्न चाहने तर हलमा जान नभ्याउनेहरूका लागि एप सहज माध्यम हो," उनी भन्छन्, "विदेशमा काम गरेर घर फर्किंला ट्रेनमै सिनेमा हेर्न सकियो । पज गरेर पनि सिनेमा हेर्न सकिने वातावरण बन्दै जानु भनेको दर्शकको संख्या बढाउनु नै हो ।" विशेषगरी विदेशमा बस्ने नेपाली र नेपाली भाषीका लागि सिनेमाका एप राम्रो वैकल्पिक प्लेटफर्म भएको दीपेन्द्रको भनाइ छ । "पहिलो कुरा त हल जान नपाउने र नसक्नेका लागि यो राम्रो प्लेटफर्म हो । अर्को हलमा सिनेमा हेर्न जाँदा महँगो पर्छ भन्नेहरूका लागि सस्तो पनि भयो," उनी भन्छन् । सिनेमाको टिकट, पपकर्न, कफी, पार्किङ शुल्क र घरदेखि हलसम्म आउँदा-जाँदाको खर्चले सिनेमा निकै महँगो हुने गरेको भन्नेहरूका लागि डिजिटल प्लेटफर्म राम्रो विकल्प भएको उनको भनाइ छ । "दुई सय रुपैयाँमा किनेर १० जनाको परिवारले पनि हेर्न सकिने भयो । त्यसैले यो सस्तो पनि भयो । एउटा सिनेमा हेर्न हलमा जाँदा एक जनाकै हजारभन्दा धेरै खर्च हुन्छ," खगेन्द्र भन्छन्, "एप भन्ने बित्तिकै मोबाइलमा मात्रै चल्छ भन्ने हुँदैन । स्मार्ट, एन्ड्रोइड टेलिभिजनमै सिनेम्याटिक फिलसहित हेर्न सकिन्छ ।"

*-बाह्रखरी डटकम*

# 'मायावी'मा भिलेन बन्दैछन् प्रशान्त ?



भिलेनको परम्परागत परिभाषा बदल्ने अभिनेताको रुपमा चिनिन्छन्, प्रशान्त ताम्राकार । आकर्षक रुपरंग, सुगठित शरीर र अग्लो कद भएपछि हिरोमै स्थापित हुने इच्छा धेरैको हुन्छ । तर, प्रशान्तले यो गुण हुँदा-हुँदै पनि भिलेनमा आफूलाई स्थापित गरे । यसैले उनलाई 'ह्यान्डसम भिलेन' समेत भन्ने गरिएको छ । फिल्म 'ऐश्वर्या'मा उनले निर्वाह गरेको भूमिका सम्झनलायक मानिन्छ ।

'ऐश्वर्या' फेम्ड निर्देशक दीवाकर भट्टराईको नयाँ फिल्म 'मायावी'मा पनि प्रशान्तले मुख्य भूमिकामा अभिनय गर्ने भएका छन् । पोखरामा मंगलबारबाट छायांकन सुरु भएको फिल्ममा उनी भिलेनकै भूमिकामा देखिन सक्ने आँकलन गरिएको छ । यद्यपि, यसबारेमा निर्माण टिमले कुनै जानकारी गराएको छैन । दीवाकरसँग प्रशान्तको फिल्म 'क्याप्टेन'मा पनि सहकार्य भएको थियो ।

प्रेमकथामा बन्न लागेको फिल्ममा पल शाह, दीपिका प्रसाईं, समीम खान, सुशील सिटौला, करिश्मा श्रेष्ठको पनि मुख्य भूमिका रहनेछ । अभिनेता राज कटुवाल निर्माता रहेको फिल्ममा निर्देशक भट्टराई स्वयंको लेखन छ । क्रिएटिभ सिने आर्ट्सको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत, राजुविक्रम थापाको डिओपी रहनेछ ।

*-फिल्मी खबर डटकम*

# 'नांगो गाउँ'लाई बक्स अफिसमा 'दयाहाङ–मिरुना फ्याक्टर'को फाइदा



चलचित्र विकास बोर्डले आधिकारिक कमाइ त सार्वजनिक गरिसकेको छैन, तर दीपेन्द्र लामा निर्देशित 'नांगो गाउँ' घरेलु बक्स अफिसमा 'हिट' हुने बाटोतर्फ उन्मुख छ । मंगलबार पनि फिल्मको देशव्यापी अकुपेन्सी ३० देखि ४० प्रतिशत हाराहारीमा भएको छ जुन 'विकडेज'का लागि आक्रामक नै हो । सप्ताहन्तमा समेत कतिपय फिल्मलाई १० प्रतिशत अकुपेन्सीको आँकडा पार गर्न हम्मेहम्मे परिरहेको बेला 'नांगो गाउँ'ले ३५ प्रतिशत हाराहारीको अकुपेन्सी कायम राखेको छ, त्यो पनि विकडेजमा । हल सञ्चालकका अनुसार यो फिल्मले दर्शकलाई हलसम्म फर्काउन केही हदसम्म सफल भएको छ ।

मुख्यत: 'नांगो गाउँ'को सुखद ओपनिङ हुनुमा केही फ्याक्टर कारण छन् । एकपछि अर्को ब्लकबस्टर फिल्म दिइरहेका दयाहाङ राई र मिरुना मगरको फ्याक्टर फिल्मको ओपनिङ सुखद हुनुमा प्रमुख कारण देखिएको छ । 'जारी' र 'कबड्डी ४' ले निर्माण गरेको दयाहाङ-मिरुनाको 'सेलिब्रिटी कल्ट'को फाइदा यसमा देखिएको छ । अधिकांश दर्शकलाई प्रारम्भिक चरणमा हलसम्म तान्नमा यी दुई कलाकारको भूमिका प्रमुख देखिएको अनुमान गरिएको छ । दोस्रोमा- तीज, शनिबार र संविधान दिवससहितका एकपछि अर्को सार्वजनिक बिदा । लगातारको सार्वजनिक बिदाको अर्को फाइदा पनि फिल्ममा देखिएको छ । तेस्रो-नांगो गाउँको समीक्षा त्यति नकारात्मक देखिएन । निर्देशक लामा आफ्ना फिल्ममा ग्रामीण आयामलाई राजनीति र समाजसँग जोड्न चाहन्छन् । जब पात्र नै कथाभित्र छिर्दिन्छ, तब फिल्मसँग दर्शक 'कनेक्ट' हुन्छन् । सर्वसाधारणलाई सिंहदरबारको राजनीति भन्दा गाउँले राजनीति र त्यसको दाउपेचले अर्थ राख्छ, स्थानीय चुनावको यो माहोललाई दीपेन्द्रले फिल्ममा बुनेका छन् । जसको दर्शकीय मनोविज्ञान बक्स अफिसमा देखिएको हुन सक्छ । स्टारकास्ट र व्यापक प्रचार हुँदाहुँदै पनि 'एक भगवत् र एक गीता'ले घरेलु बक्स अफिसमा कमजोर व्यापार गरेको छ । प्रमुख मल्टिप्लेक्सले यो फिल्मको शोमा कटौती गर्दै 'नांगो गाउँ'को शो बढाएका छन् ।

*-अनलाइन खबर डटकम*

# ऋचाको 'कौसिद'को ट्रेलरमा ऋणको कथा

अभिनेत्री ऋचा शर्मा र भोलाराज सापकोटा अभिनीत फिल्म 'कौसिद' २६ असोजबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फिल्मको एक ट्रेलर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति २६ असोज फिक्स भएको जनाकारी दिएका हुन् ।

ऋणको चपेटामा परेको पात्रको जीवन भोगाइको कथामा बनेको फिल्मको ट्रेलरमा पीडा दर्साइएको छ । फिल्मका निर्माता केदार भुसाल हुन् । विजया दशमीको छेको पारेर फिल्म प्रदर्शन गर्दा व्यवसाय हुन्छ भनने विश्वासका साथ फिल्म रिलिज गर्न लागिएको निर्माता भुसालले बताए ।

कुमार भास्करको निर्देशन रहेको फिल्ममा ऋचा र भोलाराजको अलवा रुपेश दाहाल, परिक्षित विक्रम राणा, सदिक्षा गौतम, निर्भिक भट्टराई, सागर भट्टराई, सन्दीप लोहनी लगायतका कलाकारको अभिनय देख्न सकिनछ । फिल्मका कार्यकारी निर्मातामा दिमेश श्रेष्ठ र सह-निर्मातामा लक्ष्मण बानियाँ हुन् ।

नव विजय प्रकाश श्रेष्ठ र धिर्जन थपलियाको कथा रहेको फिल्ममा निसाल पौडेलको छायाङ्कन, भीम विश्वकर्माको सम्पादन छ । फिल्मका वितरक आरआर फिल्मस् रहेको छ ।

*-रातोपाटी डटकम*

# ऋषिको पूजा आराधना गरी मनाइयो ऋषि पञ्चमी



**पाल्पा,** असोज २/भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी मंगलबार नारीहरुले सप्त ऋषिको पूजा आराधना गरी मनाएका छन् । महिलाले बिहानै उठेर नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३ सय ६५ वटा दतिवनले दाँत माझी, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्दै ऋषि पञ्चमी मनाएका हुन् । ऋषि पञ्चमीसँगै तिज पर्व पनि मंगलबारदेखि समापन भएको छ ।

रजस्वलाका समयमा छोइछिटो भएको भए अरुन्धती सहित सप्तर्षिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास अनुरुप महिलाले यो पर्व मनाएका छन् । नारीलाई रजस्वलाको प्रथम दिन चाण्डाल्नी, दोस्रो दिन ब्रह्मघातिनी, तेस्रो दिन धोबिनी र चौथो दिन स्नान गरी शुद्ध हुन्छिन् भन्ने विश्वास गरिन्छ । यसैकारण यस दिन दतिवन, गाईको गोबर, माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछूतको दोष निवारण हुन्छ भन्ने शास्त्रीय बचन रहेको संस्कृतिका जानकार तथा पण्डित होमनाथ न्यौपाने बताउँछन् । प्राचीन समयमा इन्द्रले विश्वरूपको शिरलाई तीन टुक्रा पारी हत्या गरेको कारण ब्रह्मा हत्याको पाप भोग्नुपर्‍यो । हत्याबाट पिरोलिएका इन्द्रले आफ्नो दुःख ब्रह्मालाई सुनाए । इन्द्रको ब्रह्म हत्या निवारणका लागि ब्रह्माले एक वर्षसम्मको दोष इन्द्रलाई भोग गराई बाँकी दोष पृथ्वी, वृक्ष, जल र स्त्रीमा चार भाग लगाई चारैतिर फ्याँकिदिए । यसैकारण उब्जनी नहुने उर्वरभूमि, वृक्षबाट निस्कने खोटो, पानीमा फिँज र स्त्रीमा रज देखिन थालेको धार्मिक विश्वास रहि आएको छ ।

# रामपुर नगरपालिकामा शैक्षिक अन्तर्क्रिया



**पाल्पा,** असोज २/रामपुर नगरपालिकाको शिक्षा शाखाको वार्षिक समीक्षा तथा शैक्षिक अन्तर्क्रिया कार्यक्रम भएको छ । नगरको समग्र शैक्षिक अवस्था, विद्यालयको अवस्था, शैक्षिक गुणस्तर, समस्या र चुनौती लगायतको विषयमा समीक्षा गरेको हो ।

कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले नगरको शैक्षिक सुधार र गुणस्तर वृद्धिका लागि सबै लाग्न आवश्यक रहेको बताए । उनले शिक्षक विद्यालय शिक्षाको मेरुदण्ड भएको बताउँदै विद्यालयको शैक्षिक सुधार गर्ने पहिलो जिम्मेवारी शिक्षकको भएको औंल्याए । थापाले शिक्षकको अध्ययपन शैलीमा विद्यालयको शैक्षिक स्तर निर्भर रहने बताए । नगर प्रमुख थापाले विद्यालयमा प्राप्त स्रोत साधनको प्रयोग गरि हरेक विद्यालयको शैक्षिक गुणस्तरवृद्धि गर्न आग्रह गरे । नगर प्रमुख थापाले नगरपालिकाले सञ्चालनमा ल्याएको बुक फ्रि फ्राईडे कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने बताएका छन् । उनले विद्यालयमा प्राप्त स्रोत र विद्यार्थीको चहानाको आधारमा बुक फ्रि फ्राईडे कार्यक्रम सञ्चालन गर्नु पर्नेमा जोड दिए । नगर प्रमुख थापाले नगरका हरेक विद्यालयको शैक्षिक सुधारका लागि नगरपालिका प्रतिबद्ध भएर लागेको भन्दै विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालने गरिने बताए । कार्यक्रममा रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले समग्र नगरको शैक्षिक गुणस्तर वृद्धिका लागि सबैसंग समन्व्य गरेर अगाडी बढ्नुपर्ने बताए । उनले अन्य क्षेत्रको विकास भन्दा शैक्षिक क्षेत्रको विकास गर्न सके मात्र अन्य विकासले सार्थकता पाउने उल्लेख गरे । कार्यक्रममा रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानले शैक्षिक विकासका लागि विद्यालय सुधारको योजना कार्यक्रम बनाएर जान आवश्यक रहेको बताए । यस्तै रामपुर नगरपालिकाका प्रवक्ता एवं वडा १ का अध्यक्ष कपिलबहादुर खाँणले नगरभित्रका विद्यालयको शैक्षिक सुधारका लागि अनुगमनको पक्षमा ध्यान दिन आवश्यक रहेको बताए ।

यस्तै वडा ३ का अध्यक्ष दामोदर पाठकले विद्यालयमा सक्षम नेतृत्व र दक्ष जनशक्ति छनौट गर्नुपर्ने भन्दै हरेक विद्यालयमा अन्तर्क्रिया कार्यक्रम गर्न आवश्यक रहेको बताए । यस्तै वडा ४ का वडा अध्यक्ष रामबहादुर रानाले विद्यालयमा विद्यार्थीको संख्या घट्नुको कारण बारे छलफल गर्नुपर्नेमा जोड दिए । वडा ५ का अध्यक्ष दुर्गाप्रसाद पोखरेलले विद्यालय शैक्षिक सुधारका लागि कम विद्यार्थी भएका विद्यालय मर्ज गर्नुपर्नेमा जोड दिए । यस्तै वडा ७ का अध्यक्ष दोवराज तिवारीले प्राविधिक धारमा सञ्चालन भएका विद्यालय संकटमा रहेकोले यसको व्यवस्थापनमा ध्यान दिन आवश्यक रहेको बताए । कार्यक्रममा नेपाल शिक्षक संघका केन्द्रिय प्रतिनिधि सुन्दरप्रसाद देवकोटाले नगर सरकारले लागु गरेको स्थानीय पाठ्यक्रमलाई परिस्कृत गर्दै लैजानु पर्ने बताए । यस्तै गंगा माध्यमिक विद्यालय रामपुरका प्रधानाध्यापक देवराज देवकोटाले विद्यालयको शैक्षिक गुणस्तरवृद्धिका लागि विद्यार्थीको अनुपातमा शिक्षामा लगानी बढाउन आवश्यक रहेको बताए । अन्तर्क्रिया कार्यक्रममा सहभागीले सार्वजनिक शिक्षाको रुपान्तरणको लागि १९ बुँदे प्रतिबद्धा पत्रमा हस्ताक्षर समेत गरेका छन् । सहभागिले स्थानीय सरकारले सार्वजनिक शिक्षाको न्यूनतम गुणस्तरको मापदण्ड बनाई कार्यान्वय गर्ने, शिक्षक कर्मचारी, जनप्रतिनिधि तथा सार्वजनिक पद धारण गरेका व्यक्तिका छोरा छोरीहरुलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्सहान गर्ने, विद्यालय शिक्षामा आवद्ध हुन नसकेका बालबालिका पहिचान गरी विद्यालय सम्म ल्याउने, प्रभावकारी र जिम्मेवारी बोध अनुरुपको अनुगमनका लागि प्रतिबद्ध हुने, नर्स स्वास्थ्य सेवा सहितको बालिका मैत्री विद्यालयका रुपमा विद्यालयलाई रुपान्तरण गर्दै लैजाने, विद्यालयको वार्षिक उत्सव लगायतका कार्यक्रम भड्किलो शैलीमा नगरी मौलिक कला संस्कृतिलाई प्रसय दिई गर्ने र असल संस्कारयुक्त शिक्षालाई व्यवहारमा लागुगर्ने लगायतका प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका हुन् । रामपुर नगरपालिकाका सामाजिक विकास समितिका संयोजक सिमादेवि थापाको अध्यक्षतामा भएको कार्यक्रम नगर प्रमुख रमणबहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । शिक्षा शाखा प्रमुख विकल काफ्लेको स्वागतबाट शुरु भएको कार्यक्रमको सञ्चालन योजना शाखा प्रमुख विक्रम बस्नेतले गरेका थिए । रामपुर नगरपालिकाको सभाहलमा भएको अन्तर्क्रिया कार्यक्रममा शिक्षा समितिका सदस्य र वडा अध्यक्षहरुको सहभागिता रहेको थियो ।

## खेलकुद समाचार


# पुरुष भलिबलमा नेपाल बहराइनसँग पराजित



**काठमाण्डौं,** असोज २/१९ औं एसियाली खेलकुदमा पुरुष भलिबलतर्फ नेपाल बहराइनसँग पराजित भएको छ । चीनको हाङझाउमा भएको खेलमा नेपाल आफ्नो पहिलो खेलमा बहराइनसँग नेपाल ३-१ ले पराजित भएको हो । पहिलो सेटमा नेपाल २५-२० ले विजयी भए पनि त्यसपछि लगातार ३ सेट गुमाएको हो । दोस्रो सेटमा नेपाल २५-२०, तेस्रो सेटमा २५-१८ र चौथो सेटमा २५-१५ ले पराजित भयो । नेपालले अर्को खेलमा आज (बुधबार) इरानसँग खेल्नेछ । यो खेल हारेमा नेपाल समूह चरणबाट बाहिरिनेछ । एसियाली खेलकुदको उद्घाटन समारोह सेप्टेम्बर २३ तारिखमा हुने भए पनि भलिबल, फुटबल र क्रिकेटका खेल आजदेखि नै शुरु भएका छन् । यस पटकको प्रतियोगितामा कुल ४० खेलमा एसियाका ४५ देशका १२ हजार चार सय १७ जना खेलाडीले प्रतिपर्धा गर्दैछन् । नेपालबाट २९ खेलका लागि दुई सय ५३ जना खेलाडी सहभागी छन् । कोभिड-१९ महामारीका कारण १९ औं संस्करणको एसियाली खेलकुद एक वर्ष पछाडी धकेलिएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकले वृद्धि



**पाल्पा,** असोज २/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकले वृद्धि भएको छ । मंगलबारको कारोबारपछि परिसूचक १६ दशमलव २४ अंकले वृद्धि भएर एक हजार नौ सय ८५ दशमलव ४३ अंकमा कायम भएको हो ।

यस्तै विभिन्न कम्पनीका दुई सय ७२ कम्पनीको ४३ लाख ३६ हजार पाँच सय ८३ कित्ता शेयर ५० हजार दुई सय ९६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब १७ करोड ६६ लाख ८० हजार सात सय ५७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन र व्यापार समूहको उपसूचक घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । होटल समूहको उपसूचक शून्य दशमलव ०९ र व्यापार समूह शून्य दशमलव ९३ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै जलविद्युत समूहको उपसूचक तीन दशमलव २१ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ३२ प्रतिशत, विकास बैंक एक दशमलव ४८, वित्त एक दशमलव ९५ र लगानी समूहको उपसूचक शून्य दशमलव ७८ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा शून्य दशमलव ३७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७४, लघुवित्त शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव ११, निजीवन बीमा शून्य दशमलव ७६ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ । शुभम पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने थ्री स्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ । शेयर मूल्य धेरै घट्ने कम्पनीमा इमर्जिङ नेपाल लिमिटेड छ । कम्पनीको शेयर मूल्य आठ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोकार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको रू १० करोड ६४ लाख ४३ हजार छ सय ९१ बराबरको दुई लाख २० हजार ५६ कित्ता शेयर किनबेच भएको छ ।

# महङ्गा स्वास्थ्य उपकरण...

...'क्याथल्याब' मेसिन सञ्चालनमा ल्याउँदा तत्काल 'एन्जिओप्लास्ट' र 'एन्जिओग्राफ' को सेवा विस्तार गर्ने तयारीमा छौं', उनले भने, 'यसबाट मुटुको ब्लक खोल्ने र पेसमेकर राख्ने सम्मको सेवा सञ्चालन हुने छ ।' सरकारले बिरामीको उपचारका लागि 'क्याथल्याब' खरिद गरेर लामो समयसम्म पनि सञ्चालनमा आउन नसक्नुको मुख्य कारण आवश्यक जनशक्तिको अभाव रहेको प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका सचिव डा.जनार्दन पन्थी बताउँछन् । उक्त सेवा सञ्चालनका लागि केही जनशक्ति व्यवस्थापन भइसकेको र अपुग थप जनशक्ति पनि प्रदेश सरकारका तर्फबाट व्यवस्थापनका लागि प्रक्रियाअघि बढिसकेकाले करिब छ महिनाभित्रमा सञ्चालन गर्नेगरि थप प्रक्रिया अगाडि बढाउन निर्देशन दिइसकेको सचिव डा पन्थीले बताए । 'म सचिवको जिम्मेवारीमा आएपछि क्याथल्याब सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको छु', उनले भने, 'बजेट नपुग भएको भन्ने जानकारी भएपछि बजेटको प्रबन्ध गरेर पठाइ सकिएको छ, छिट्टै नै सञ्चालनमा आउँन ।' सर्वसाधारणका लागि निःशुल्क ओपिडी सेवा, अति विपन्नलाई बेडमा समेत छुट र बीमाको समेत प्रबन्ध गरिएकाले अहिले लुम्बिनी प्रादेशिक अस्पतालमा सर्वसाधारणको आकर्षण बढाएको छ । यद्यपि नसर्ने प्रकारका गम्भीर रोगको परीक्षण र उपचार दुवै प्रभावकारी हुन सकिरहेको छैन ।


## डुम्रे खोला-सुनडँाडा-तेल्घा-गुफाचौरडाँडा-बडरबोट-मनिन्डाँडा-सिस्ने बाँटारी-सेतिपोखरी-हुलागंदी मोटरबाटो स्तरोन्नतीको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति २०८०/०६/०३*

तानसेन नगरपालिकाद्वारा प्रस्तावित डुम्रे खोला-सुनडँाडा-तेल्घा-गुफाचौर डाँडा-बडरबोट मनिन्डाँडा-सिस्ने-बाँटारी-सेतिपोखरी-हुलागंदी मोटरबाटो स्तरोन्नतीको सार्वजनिक सुनुवाइ, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सरोकारवलाहरुको राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय जनता, संघ संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरु रप्रस्तावक संस्थाका प्रतिनिधिहरु बीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबारेसार्वजनिक सुनुवाई निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्बन्धित सबै महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**बाटोले छुने वडाहरु र स्थानहरु :** वडा नं. (८, १०, ११, ५, ३) डुम्रे खोला वडा नं. ८ -सुनडँाडा- तेल्घा वडा नं. १०-गुफाचौर डाँडा वडा नं. १० - बडरबोट - मनिन्डाँडा - सिस्ने वडा नं. ११ बाँटारी-सेतिपोखरी वडा नं. ५- हुलागंदी वडा नं. ३ मोटरबाटो १२ कि.मी स्तरोन्नतीका

**बाटोको छोटो नाम : पर्यटकीय स्थान गुफाचौर पहुच मार्ग** ता.न.पा. वडा नं. १० र ११

| मिति | समय | स्थान |
|---|---|---|
| २०८०/०६/०६ शनिबार | ७ :३० बजे विहान | सुनडाडा सामुदायिक भवन तानसने नगरपालिका वडा नं. १० |

**सम्पर्क व्यक्ति :**

नाम, थर : हिमलाल पंगेनी

पद : वडा अध्यक्ष वडा नं. १०

सम्पर्क नं. : ९८५७०६०१०१

तानसेन गरपालिका, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई